**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राजस्व अनुसन्धान विभाग**
**हरिहरभवन, ललितपुर**

**चौथो त्रैमासिक/वार्षिक प्रगति विवरण-२०८१/८२**

## १. पृष्ठभूमिः

विभाग स्थापना हुनुपूर्व राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले वि.सं. २०३४ सालमा अर्थ मन्त्रालयमा राजस्व अनुसन्धान महाशाखाको स्थापना भएको थियो। पछि राजस्व चुहावट नियन्त्रण गर्न एक विशिष्टीकृत निकायको रुपमा अर्थ मन्त्रालय अन्तर्गत राजस्व अनुसन्धान विभागको स्थापना वि.सं. २०५० सालमा भएको हो। प्रारम्भमा कर राजस्व चुहावट सम्वन्धी अनुसन्धान तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार पाएको विभागले आ.व. २०६५/६६ देखि गैर कर राजस्व चुहावट सम्वन्धी अनुसन्धान तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार समेत प्राप्त गरेको छ। साथै, नेपाल सरकारले विदेशी विनिमय सम्बन्धी कसूरको सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि विभागका महानिर्देशक वा निजले तोकेको यसै विभाग वा अन्तर्गतका अधिकृतहरुलाई अनुसन्धान अधिकारी तोकेको छ। हाल यस विभाग नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७४ फागुन १३ गतेको निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत क्रियाशील रहँदै आएको छ। विभाग हाल हरिहरभवन, ललितपुरमा रहेको छ। यस अन्तर्गत चारवटा कार्यालयहरु (इटहरी, पथलैया, वुटवल र कोहलपुर) रहेका छन।

## २. प्रमुख कार्यक्षेत्रहरुः

क. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ तथा नियमावली, २०७० र विदेशी विनिमय (नियमित) ऐन २०१९, तथा नियमहरु २०२०, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र प्रदेश तथा स्थानीय तहका कर कानूनहरूले अधिकार दिइएका क्षेत्रहरू:

- राजस्व चुहावट सम्वन्धीः- आन्तरिक राजस्व (आयकर, मूल्य अभिवृद्धि कर, भन्सार महशुल, अन्तःशुल्क गैरकर)
- विदेशी विनिमय अपचलन सम्बन्धीः- विदेशी विनिमय अपचलन (सुन लगायत बहुमुल्य धातुको गैर कानुनी कारोबार, क्रिप्टोकरेन्सी र हुण्डी कारोवार)।
- प्रदेश र स्थानीय तहका कर तथा गैरकर चुहावट सम्बन्धी अनुसन्धान।
- सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान (राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन)।

## ३. चौथो त्रैमासिक/वार्षिक अवधिको प्रमुख उपलब्धी/नतिजाको सारसंक्षेपमाः

आ.व. २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुका बुँदाहरु तथा माइलस्टोन बमोजिमको २०८१/८२ को चौथो त्रैमासिकको प्रगति विवरण (आयोजना/कार्यक्रमगत तथा माइलस्टोनको प्रगति) :-

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन
२०५०

| क्र.सं. | वार्षिक कार्यक्रम/क्रियाकलाप | सहायक क्रियाकलाप/ लक्ष्य | चौथो त्रैमासिक मासिक सम्मको प्रगतिको लक्ष्य | चौथो त्रैमासिक सम्मको प्रगति | माइलस्टोन अनुसारको प्रगति हुन नसक्नुका कारणहरू |
|---|---|---|---|---|---|
| १ | क) सूचना/उजुरी फछ्यौंट | राजस्व चुहावट सम्बन्धी | ७५% | ७५.९% | प्रगति भएको। |
| | | विदेशी विनिमय अपचलन सम्बन्धी | ७५% | २३.४५% | लामो समयदेखि अ.ल्या. भई आएका सूचनाको सङ्ख्या बढी भएकोले फछ्यौंट प्रतिशत कम देखिएको। |
| | ख) अनुसन्धान तथा अभियोजन | राजस्व चुहावट सम्बन्धी | - | मुद्दा सङ्ख्याः ५२<br>प्रतिवादीः १७३ | - |
| | | विदेशी विनिमय अपचलन सम्बन्धी | - | मुद्दा सङ्ख्याः १२०<br>प्रतिवादीः १८४ | - |
| २ | राजस्व प्रणालीसँग सम्वन्धित मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (VCTS) लगायत सूचना प्रविधि प्रणालीको क्षमता विकास, Vehicle Tracking System को कार्यान्वयन तथा अनुगमनलाई थप प्रभावकारी बनाई राजस्व छली तथा चुहावट नियन्त्रण कार्यक्रम | Vehicle Tracking System अपचलनमा जरिवाना फर्म संख्या। | ९०० | १३०२ | प्रगति भएको। |
| | | VCTS जरिवाना रकम | | ४४११४००० | प्रगति भएको। |
| | | VCTS प्रणालीमा Consignment प्रयोगकर्ताको सङ्ख्या (लाख) | २.७५ | २.९९ | प्रगति भएको। |
| ३ | राजस्व चुहावट नियन्त्रणको लागि गस्ती परिचालन (नियमित, आकस्मिक र द्रुत गस्ती) | नियमित, आकस्मिक र द्रुत गस्ती (संख्या) | २००० | २८७१ | प्रगति भएको। |

४. वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजनाको प्रगतिः-

| सि.नं. | कार्यक्रम/आयोजना | | प्रगति अवस्था |
|---|---|---|---|
| १ | भिसिटिएस सपोर्ट कार्यक्रम | VCTS प्रणालीमा Consignment प्रयोगकर्ताको सङ्ख्या (लाखमा) | २.९९ |
| | | VCTS प्रणालीमा Consignment को सङ्ख्या (लाखमा) | ११५.८८ |
| २ | गस्ती परिचालन संख्या | | २८७१ |

| | | |
|---|---|---|
| ३ | राजस्व चुहावट क्षेत्रको संयुक्त अनुगमन | निरन्तर भइरहेको |
| ४ | नागरिक सचेतना कार्यक्रम पटक (मुलुकका विभिन्न ७ स्थानमा अन्तरक्रिया, छलफल तथा जनचेतनामूलक कार्यक्रम) | ७ वटा |

**५.बेरुजु र फछ्यौंटको विवरणः-**

**क. महालेखा परीक्षकको ६२ औं प्रतिवेदनले औल्याइएका सवाल तथा कार्यान्वयनको स्थितिः-**

महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन अनुसार आ. व. २०८०/८१ र सो भन्दा अघिल्ला वार्षिक वर्षहरुको यस विभाग र मातहतका राजस्व अनुसन्धान कार्यालयहरुको कुल बेरुजुको अवस्था देहायअनुसार रहेको छ ।

| सि.नं. | कार्यालय निकाय | बेरूजु बाँकीको विवरण | | | |
|---|---|---|---|---|---|
| | | पेश्की | नियमित | असुल उपर | जम्मा |
| १ | राजस्व अनुसन्धान विभाग | ०.०० | २५५५२५५१.०० | ०.०० | २५५५२५५१.०० |
| २ | राजस्व अनुसन्धान कार्यालय इटहरी | ०.०० | ६९३६८९१.२६ | १०००००.०० | ७०३६८९१.२६ |
| ३ | राजस्व अनुसन्धान कार्यालय पथलैया | ०.०० | ०.०० | ०.०० | ०.० |
| ४ | राजस्व अनुसन्धान कार्यालय बुटवल | ०.०० | २०९८२४२.४१ | ०.०० | २०९८२४२.४१ |
| ५ | राजस्व अनुसन्धान कार्यालय कोहलपुर | ०.०० | ८६५५११.८४ | १२३५५९६.०० | २१०११०७.८४ |
| | जम्मा | ०.० | ३५४५३१९६.५१ | १३३५५९६ | ३६७८८७९२.५१ |

**ख. महालेखा परीक्षकको ६१ औं प्रतिवेदनले औल्याइएको बेरुजुको अवस्थाः-**

महालेखा परीक्षकको ६१ औं वार्षिक प्रतिवेदन अनुसार आ. व. २०७९/०८० र सो भन्दा अघिल्ला वार्षिक वर्षहरुको यस विभाग र मातहतका राजस्व अनुसन्धान कार्यालयहरुको कुल बेरुजु र बेरुजु फछ्र्यौटको विवरण देहायअनुसार रहेको छ।

*रकम रु.*

| | |
|---|---|
| आ.व. २०७९/०८० सम्मको फछ्यौट गर्नुपर्ने कुल बेरुजु रकम | ३,६७,८८,७९२.५१ |
| आ.व. २०७९/०८० मा फछ्यौट भएको बेरुजु रकम | ७६७४९५८.०० |
| आ.व. २०७९/०८० मा सम्परीक्षण लागि पेश भएको रकम | १,११,१६,६४३.४१ |
| प्रगति प्रतिशत (सम्परीक्षणका लागि पेश भएको समेत) | ५१.०७% |

**ग. महालेखापरीक्षकको ६२ औं प्रतिवेदनले उठाएका सवाल र कार्यान्वयनको स्थितिः-**

महालेखापरीक्षकको ६२ औं प्रतिवेदनले औल्याए बमोजिम यस विभागको अनुसन्धान तथा तहकिकात क्षमता सुदृढ गर्ने कार्य गरिएको। राजस्व चुहावटका सम्भावित अन्य क्षेत्रसमेत पहिचान गरी सोको नियन्त्रण गर्ने कार्यलाई योजनाबद्ध रणनीति तयार गरी कार्यान्वयन गरिएको। जोखिममा आधारित अनुसन्धान तहकिकातलाई जोड दिइएको। राजस्व चुहावटको अनुसन्धानमा सम्पत्ति शुद्धीकरणको जोखिम तथा सम्भावना समेत अनुसन्धान गर्न थालिएको।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५०

थालिएको। साथै, गस्ती परिचालन योजना तयार गरी निरन्तर रुपमा मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (VCTS) निमार्ण गरी अनुगमन र गस्ती परिचालनको कार्यहरु अगाडि बढाइएको।

६. सम्पादित मुख्य-मुख्य कार्य र उपलब्धीहरुः-

| राजस्व चुहावटतर्फ | | |
|---|---|---|
| सि.नं. | विवरण | आ.व. २०८१/८२ को प्रगति |
| १ | मुद्दा दायर संख्या | ५२ |
| २ | बिगो रकम ने.रु. | २६४६२६५८१२ |
| ३ | सजाय मागदावी रकम ने.रु. | २६४६२६५८१२ |
| ४ | प्रतिवादी सङ्ख्या | १७३ |
| अनुसन्धानको क्रममा माग भएको धरौटी रकम | | |
| १ | सूचना दर्ता संख्या | १७२१ |
| २ | माग भएको धरौटी रकम रु. | १३९७५८८०९२ |
| **विदेशी विनिमय अपचलनतर्फ** | | |
| १ | मुद्दा दायर संख्या | १२० |
| २ | बिगो रकम ने.रु. | १२७९९३६५७२ |
| ३ | सजाय मागदावी रकम | ३८३९८०९७१६ |
| ४ | प्रतिवादी संख्या | १८४ |
| **VCTS तर्फ** | | |
| १ | सवारी साधन संख्या | १३०२ |
| २ | जरिवाना रकम रु. | ४४११४००० |
| **गस्ती परिचालन तर्फ** | | |
| १ | संख्या | २८७१ |
| **कन्साइन्टमेन्टतर्फ** | | |
| १ | VCTS कन्साइन्टमेन्ट प्रयोगकर्ताको संख्या(लाखमा) | २.९९ |
| २ | VCTS कन्साइन्टमेन्टको संख्या (लाखमा) | ११५.८८ |

**विभागले सम्पादन गरेका मुख्यकार्यहरुः-**

**अ) राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनतर्फको अनुसन्धानः**

(क) पहिलो त्रैमासिक अवधिः

१. गणेश दत्त बडु समेत ७ जना प्रतिवादी भएको राजस्व चुहावट (सुनचाँदी सम्बन्धी कारोबार) मुद्दामा रु. ३,५०,१५,५४१।३८ बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम शतप्रतिशत जरिवाना रु ३,५०,१५,५४१।३८ गरी जम्मा रु.७,००,३१,०८२।७६ (अक्षेरेपी

राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५०

सात करोड एकतीस हजार बयासी रुपैया पैसा छयहत्तर) मागदावीसहित मिति २०८१/०४/०९ मा उच्च अदालत, पाटनमा मुद्दा दायर गरिएको।

२. भारतीय नागरिक सुरजित भौमिक समेत ५ जना प्रतिवादी भएको राजस्व चुहावट (सुनचाँदी सम्बन्धी कारोबार) मुद्दामा रु ८,१५,१६,८३८।- बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम शतप्रतिशत जरिवाना रु ८,१५,१६,८३८।- गरी जम्मा रु. १६,३०,३३,६७६।-(अक्षेरेपी सोह्र करोड तीस लाख तेत्तीस हजार छ सय छयहत्तर) मागदावीसहित मिति २०८१/०४/१३ मा उच्च अदालत, पोखरामा मुद्दा दायर गरिएको।

३. विदेशी विनिमय अपचलनको कसूरमा प्रतिवादी विकल पौडेल उपर रु. ६१,१३,२१,१५३।२० बिगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम बिगोको तीन गुणाले हुने जरिवाना रु. १,८३,३९,६३,४५९।६० गरी जम्मा रु.२,४४,५२,८४,६१२.८०(अक्षेरेपी दुई अर्ब चौवालीस करोड बाउन्न लाख चौरासी हजार छ सय बाह्र रुपैंया पैसा असी) सजाय मागदावीसहित मिति २०८१/०६/१४ मा काठमाडौ जिल्ला अदालतमा मुद्दा दायर गरिएको।

४. विदेशी विनिमय अपचलनको कसूरमा विकल पौडेलकी एकाघरकी श्रीमती एलिना बस्नेत उपर रु. १,५२,७०,७४०।- बिगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम बिगोको तीन गुणाले हुने जरिवाना रु. ४,५८,१२,२२०।- गरी जम्मा रु.६,१०,८२,९६०।-(अक्षेरेपी छ करोड दश लाख बयासी हजार नौ सय साठी रुपैया) सजाय मागदावीसहित मिति २०८१/०६/१४ मा काठमाडौ जिल्ला अदालतमा मुद्दा दायर गरिएको।

५. युवराज महादेव विभूतेसहित ३ जना भारतीय नागरिक र २ जना नेपाली नागरिक प्रतिवादी भएको राजस्व चुहावट (सुनचाँदी सम्बन्धी कारोबार) सम्बन्धी मुद्दामा रु. २,०३,६७,११८।- बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगोको शतप्रतिशतले हुने जरिवाना रु. २,०३,६७,११८।- गरी जम्मा रु.४,०७,३४,२३६।-(अक्षेरेपी चार करोड सात लाख चौतीस हजार दुई सय छत्तीस रुपैया) सजाय मागदावीसहित मिति २०८१/०६/१५ मा उच्च अदालत, पाटनमा मुद्दा दायर गरिएको।

६. इन्द्र बहादुर दर्जीसमेत प्रतिवादी भएको भेप चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रु. २,५५,४७,५५१।०५ बिगो बरावरको भेप जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगोको शतप्रतिशतले हुने जरिवाना रु. २,५५,४७,५५१।०५ गरी जम्मा रु. ५,१०,९५,१०२।१ (अक्षेरेपी पाँच करोड दश लाख पन्चानब्बे हजार एक सय दुई रुपैया दश पैसा) सजाय मागदावीसहित मिति २०८१/०५/३० मा उच्च अदालत, हेटौडामा मुद्दा दायर गरिएको।

**(ख) दोस्रो त्रैमासिक अवधिः**

१. संदीप सर्राफ प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.१२,६७,६८,६४५.१।- बिगो बरावरको सुन जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगोको शत प्रतिशतले हुने जरिवाना रू.१२,६७,६८,६४५.१।- गरी जम्मा २५,३५,३७,२९०.२।-(अक्षेरेपी पच्चीस करोड पैंतीस लाख सैंतीस हजार दुई सय नब्बे रूपैयाँ बीस पैसा) सजाय मागदावीसहित मिति २०८१/०८/०६ मा उच्च अदालत जनकपुर अस्थायी ईजलास वीरगञ्जमा मुद्दा दायर गरिएको।

२. जन्दार आलमसमेत ६ जना प्रतिवादी भएको कपडा समेतका मालवस्तु चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.७५,००,१३७।- बिगो बरावरको कपडा जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगोको शतप्रतिशतले हुने जरिवाना रू. ७५,००,१३७।- गरी जम्मा

१,५०,००,२७४।- (अक्षेरेपी एक करोड पचास लाख दुई सय चौरहत्तर रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/०९/०१ मा उच्च पाटन, हेटौंडा ईजलासमा मुद्दा दायर गरिएको।

३. भन्सार जाँचपासमा संलग्न चार जना कर्मचारीसहित ३४ जना प्रतिवादी भएको कपडा कुर्ता सुरवाल लगायतका मालवस्तु चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.५,३६,०२,४६६।- बिगो बरावरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगोको शत प्रतिशतले हुने जरिवाना रू. ५,३६,०२,४६६।- गरी जम्मा १०,७२,०४,९३२।- (अक्षेरेपी दश करोड बहत्तर लाख चार हजार नौ सय बत्तीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/०९/०३ मा उच्च अदालत जनकपुर, अस्थायी ईजलास, वीरगञ्जमा मुद्दा दायर गरिएको।

४. सुजित सराफसमेत २ जना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.६७,३४,३७९।४७ बिगो बरावरको सुन जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगोको शतप्रतिशतले हुने जरिवाना रू. ६७,३४,३७९।४७ गरी जम्मा १,३४,६८,७५८।९४ (अक्षेरेपी एक करोड चौंतीस लाख अठ्सठ्ठी हजार सात सय अन्ठाउन्न रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/०९/१२ मा उच्च अदालत पाटन, हेटौंडा ईजलासमा मुद्दा दायर गरिएको।

५. अभिषेक अजिनाथ कुटेसमेत ७ जना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रु. १२,१२,९३,७२८।६५ बिगो बरावरको सुन जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगोको शतप्रतिशतले हुने जरिवाना रु. १२,१२,९३,७२८।६५ गरी जम्मा रु.२४,२५,८७,४५७।३० (अक्षेरेपी चौबीस करोड पच्चीस लाख सतासी हजार चार सय सत्ताउन्न रुपैया तीस पैसा) सजाय मागदावीसहित मिति २०८१/०९/१८ मा उच्च अदालत पाटन, हेटौंडा ईजलासमा मुद्दा दायर गरिएको ।

६. दान बहादुर गुरूङसमेत ५ जना प्रतिवादी भएको सम्बन्धी राजस्व चुहावटको मुद्दामा रु. ५८,१६,१८१।९२ बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम बिगोको शतप्रतिशतले हुने जरिवाना रु. ५८,१६,१८१।९२ गरी जम्मा रु.१,१६,३२,३६३।८४ (अक्षेरेपी एक करोड सोह्र लाख बत्तीस हजार तीन सय त्रिसठ्ठी रुपैया चौरासी पैसा) सजाय मागदावीसहित मिति २०८१/०९/२६ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको ।

७. रानीसती इन्टरप्राइजेजसमेत प्रतिवादी भएको भारतीय कपडाको कारोबार गर्दा चोरी पैठारी गरी बिल बिजकसमेत जारी नगरी बिक्री गरेको राजस्व चुहावटको मुद्दामा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम रू.७५,४७,६३५।- बरावरको बिगो र सोही ऐनको दफा २३(१) बमोजिमको बिगोको शतप्रतिशत जरिवाना तथा कैद सजायको मागदावीसहित उच्च अदालत विराटनगरमा मिति २०८१/१०/०३ मा अभियोग पत्र दायर गरिएको।

८. रामकृष्ण वाइवासमेत पाँच जना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.३,८०,९१,०००।- बिगो बराबरको सुन जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज पाँच जना प्रतिवादीलाई जरिवाना जनही रू. ३,८०,९१,०००।- का दरले हुन आउने जम्मा १९,०४,५५,०००।- (अक्षेरेपी उन्नाईस करोड चार लाख पचपन्न हजार रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/०८/०६ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

**(ख) तेस्रो त्रैमासिक अवधिः**

१. अलिम इन्टरप्राइजेज प्रतिवादी भएको चिनी चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.३,४३,३९,४३३।- बिगो बरावरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१)

बमोजिम प्रतिवादीलाई जरिवाना रू. ३,४३,३९,४३३।- (अक्षेरेपी तीन करोड त्रिचालीस लाख उनन्चालीस हजार चार सय तेत्तीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१०/१५ मा उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको।

२. सुनिल तामाङसमेत पाँच जना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.१९,०४,५५,०००।- बिगो कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम पाँच जना प्रतिवादीहरूलाई जम्मा जरिवाना रू. १९,०४,५५,०००।- (अक्षेरेपी उन्नाईस करोड चार लाख पचपन्न हजार रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१०/०६ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

३. पदम प्रसाद पाण्डे प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.३,८६,३९,१२०।- बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई जरिवाना रू. ३,८६,३९,१२०।- (अक्षेरेपी तीन करोड छयासी लाख उनन्चालीस हजार एक सय बीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१०/२० मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

४. नेत्र खरेलसमेत तीनजना प्रतिवादी भएको सुन चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.१,३६,४७,१५०।- बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीहरूलाई जरिवाना जम्मा रू. १,३६,४७,१५०।- (अक्षेरेपी एक करोड छत्तीस लाख सत्चालीस हजार एक सय पचास रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१०/३० मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

५. बुद्ध लामासमेत तीनजना प्रतिवादी भएको जुत्ता चोरी पैठारी सम्बन्धी राजस्व चुहावटको मुद्दामा रू.५,४२,००,३३७।- बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीहरूलाई जरिवाना जम्मा रू.५,४२,००,३३७।- (अक्षेरेपी पाँच करोड बयालीस लाख तीन सय सैंतीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/११/११ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

६. शशांक खनालसमेत दुई जना प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.२,६०,५४,८५०।- बिगो बराबरको मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीहरूलाई जरिवाना जम्मा रू. २,६०,५४,८५०।- (अक्षेरेपी दुई करोड साठी लाख चौवन्न हजार आठ सय पचास रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/११/१३ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

७. होम प्रसाद चालीसे प्रतिवादी भएको मदिरा कारोवारमा राजस्व चुहावट भएको मुद्दामा रू.२,७५,५९,२४५।६२ बिगो कायम गरी बिगो जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई जरिवाना रू. २,७५,५९,२४५।६२ (अक्षेरेपी दुई करोड पचहत्तर लाख उनन्साठी हजार दुई सय पैंचालीस रूपैयाँ पैसा बैसठ्ठी) सजाय मागदावीसहित मिति २०८१/१२/१० मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

८. चन्दन गुप्ता प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.२,२३,९८,२७६।७५ बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई जरिवाना रू. २,२३,९८,२७६।७५ (अक्षेरेपी दुई करोड तेइस लाख अन्ठान्बे हजार दुई सय छयहत्तर रूपैयाँ पैसा पचहत्तर) सजाय मागदावीसहित मिति २०८१/१२/१३ मा उच्च अदालत जनकपुर, वीरगञ्ज ईजालसमा मुद्दा दायर गरिएको।

९. चन्दन गुप्ता प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.२,२३,९८,२७६।७५ बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई

जरिवाना रू. २,२३,९८,२७६।७५ (अक्षेरेपी दुई करोड तेईस लाख अन्ठान्बे हजार दुई सय छयहत्तर रूपैयाँ पैसा पचहत्तर) सजाय मागदावीसहित मिति २०८१/१२/१३ मा उच्च अदालत जनकपुर, वीरगञ्ज ईजालसमा मुद्दा दायर गरिएको।

१०. रञ्जित रसाइली प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.७१,८३,१६३।- बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई जरिवाना रू. ७१,८३,१६३।- (अक्षेरेपी एकहत्तर लाख त्रियासी हजार एक सय त्रिसठ्ठी रूपैयाँ) सजाय मागदावीसहित मिति २०८१/१२/०६ मा उच्च अदालत तुलसीपुरमा मुद्दा दायर गरिएको।

**(ग) चौथो त्रैमासिक अवधि:**

१. विदेशी विनिमय अपचलनको कसूरमा प्रतिवादी कुसाङ लामा र नारायण पौडेल उपर रू.५०,६९,५७,६८४।- बिगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम बिगोको तीन गुणाले हुने जरिवाना रु १,५२,०८,७३,०५२।- गरी जम्मा रु.२,०२,७८,३०,७३६।- (अक्षेरेपी दुई अर्ब दुई करोड अठहत्तर लाख तीस हजार सात सय छत्तीस रूपैया) सजाय मागदावीसहित मिति २०८१/०२/०२ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको।

२. विदेशी विनिमय अपचलनको कसूरमा प्रतिवादी चीनियाँ नागरिक YI Wang उपर रू.२,२५,१९,५२४।- बिगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम बिगोको तीन गुणाले हुने जरिवाना रु ६,७५,५८,५७२।- गरी जम्मा रु. ९,००,७८,०९६।- (अक्षेरेपी नौ करोड अठहत्तर हजार छयानब्बे रूपैया) सजाय मागदावीसहित मिति २०८२/०२/२९ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको ।

३. श्याम बस्त्रालय, लहानका श्याम प्रसाद गुप्ता प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.१०,६८,५५,७९५।- बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई बिगोको शतप्रतिशत जरिवाना समेत जम्मा रू. २१,३७,११,५९०।- (अक्षेरेपी एक्काइस करोड सैंतीस लाख एघार हजार पाँच सय नब्बे रूपैयाँ) सजाय मागदावीसहित मिति २०८२/०१/२० मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

४. ध्रुव कन्स्ट्रक्सन प्रा.लि. समेत प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.६०,४६,१५,२५८।- बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई बिगोको शतप्रतिशत जरिवाना समेत जम्मा रू. १,२०,९२,३०,५१६।- (अक्षेरेपी एक अर्ब बीस करोड बयानन्बे लाख तीस हजार पाँच सय सोह्र रूपैयाँ) सजाय मागदावीसहित मिति २०८२/०१/२२ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

५. भान्जा स्टोर्स एण्ड हाउस प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.१,५५,६६,२८१।- बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई बिगोको शतप्रतिशत जरिवाना समेत जम्मा रू. ३,११,३२,५६२।- (अक्षेरेपी तीन करोड एघार लाख बत्तीस हजार पाँच सय बैसठ्ठी रूपैयाँ) सजाय मागदावीसहित मिति २०८२/०१/२५ मा उच्च अदालत तुलसीपुरमा मुद्दा दायर गरिएको।

६. कृष्णगोपाल श्रेष्ठ समेत पाँचजना प्रतिवादीहरू भएको राजस्व चुहावटको मुद्दामा रू.२,५४,५३,२९२।- बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई बिगोको शतप्रतिशत जरिवाना समेत जम्मा रू. ५,०९,०६,५८४।- (अक्षेरेपी पाँच

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५०

करोड नौ लाख छ हजार पाँच सय चौरासी रूपैयाँ) सजाय मागदावीसहित मिति २०८२/०२/२५ मा उच्च अदालत तुलसीपुरमा मुद्दा दायर गरिएको।

७. नेपाल क्यान मुभका सञ्चालकसमेत आठजना प्रतिवादीहरू भएको राजस्व चुहावटको मुद्दामा रू.६८,४४,०५,७६०।- बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई बिगोको शतप्रतिशत जरिवाना समेत जम्मा रू. १,३६,८८,११,५२०।- (अक्षेरेपी एक अर्ब छत्तीस करोड अठासी लाख एघार हजार पाँच सय बीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८२/०२/०१ मा उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।

८. सौरभ यादव समेत चारजना प्रतिवादीहरू भएको राजस्व चुहावटको मुद्दामा रू.३,४७,६२,७५३।- बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई बिगोको शतप्रतिशत जरिवाना समेत जम्मा रू. ७,१३,३२,७५६।- (अक्षेरेपी सात करोड तेह्र लाख बत्तीस हजार सात सय छपन्न रूपैयाँ) सजाय मागदावीसहित मिति २०८२/०३/११ मा उच्च अदालत तुलसीपुर, बुटवल इजालसमा मुद्दा दायर गरिएको।

९. के के एण्ड के लिकर सप प्रतिवादी भएको राजस्व चुहावटको मुद्दामा रू.१,९९,८५,८६८।- बिगो कायम गरी मालवस्तु जफत गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम निज प्रतिवादीलाई बिगोको शतप्रतिशत जरिवाना समेत जम्मा रू. ३,९९,७१,७३६।- (अक्षेरेपी तीन करोड उनन्सय लाख एकहत्तर हजार सात सय छत्तीस रूपैयाँ) सजाय मागदावीसहित मिति २०८२/०१/३० मा उच्च अदालत तुलसीपुर, बुटवल इजालसमा मुद्दा दायर गरिएको।

**१०. विदेशी विनिमय अपचलनतर्फ विगत आ.व.को लगत सहित चालु आ.व. २०८१/८२ को अवधिसम्ममा ५९७ वटा उजुरीहरू प्राप्त भएकोमा विस्तृत छानबिन र अनुसन्धान सम्पन्न गरी १२० वटा मुद्दामा रू.१,२७,९९,३६,५७२/- (एक अर्ब सत्ताईस करोड उनान्सय लाख छत्तीस हजार पाँच सय बहत्तर रूपैया) कायम गरी सोको तीन गुणासम्मको सजाय मागदावी समेत रू. ५,११,९७,४६,२८८/- (पाँच अर्ब एघार करोड सन्तानब्बे लाख छ्यालीस हजार दुई सय अठासी) कायम भई १८४ जना प्रतिवादीहरूउपर मुद्दा दायर गरिएको छ।**

**११. आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधि (साउनदेखि असार मसान्तसम्म) मा राजस्व चुहावटतर्फ ५२ वटा मुद्दामा रू.२,६४,६२,६५,८१२/- (दुई अर्ब चौसठ्ठी करोड बैसठ्ठी लाख पैसठ्ठी हजार आठ सय बाह्र रूपैया) बराबरको बिगो र सोको शतप्रतिशत जरिवाना समेत जम्मा रू. ५,२९,२५,३१,६२४/- (पाँच अर्ब उनन्तीस करोड पच्चीस लाख एकत्तीस हजार छ सय चौबीस रूपैया) कायम गरी १७३ जना प्रतिवादी उपर विभिन्न मितिमा विभिन्न अदालतहरूमा मुद्दा दायर गरिएको।**

आ) अन्य कार्यहरुः

१. आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासिक अवधि (साउनदेखि असार मसान्तसम्म) मा चोरी पैठारी भई आएका, भन्सारबाट जाँचपास भई आएका तथा विभिन्न ट्रान्सपोर्ट कम्पनीहरुबाट ढुवानी भई आएका ढुवानी साधनहरु समेतको चेकजाँच गरी मूल्याङ्कन, वर्गीकरण र परिमाण समेतको कैफियत हेरी जम्मा रु. १,३९,७५,८८,०९२।- (एक अर्ब उनन्चालीस करोड पचहत्तर लाख अठासी हजार बयानब्बे रूपैया) धरौटी माग गरिएको।

२. मालवस्तु ढुवानी तथा अनुगमन प्रणाली (VCTS) तर्फ १३०२ वटा फर्महरूलाई जरिवाना गराइएको तथा उक्त कसूरमा रू.४,४१,१४,०००/- (चार करोड एकचालीस लाख चौध हजार) जरिवाना गरी राजस्व संकलन गरिएको छ। असार मसान्तसम्म VCTS प्रयोगकर्ताको संख्या २ लाख ९९ हजार र चालु आ.व.मा VCTS मा

नेपाल सरकार अर्थ मन्त्रालय राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५०

दर्ता भएका कन्साइन्मेन्टको संख्या १ करोड १५ लाख ८८ हजार पुगेको छ। साथै, असार मसान्तसम्म राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी र समयसापेक्ष बनाउन ७ (सात) वटा नागरिक सचेतना तथा सरोकारवालाहरूसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। VCTS अनुगमन प्रभावकारी बनाइँदा चोरी पैठारी/निकासी तथा अवैध ओसार-पसारमा कमी आई कर कानुन परिपालनमा वृद्धि भएको र त्यसको सकारात्मक प्रभाव राजस्व संकलनमा देखिएको छ।

३. जफत भएका मालवस्तु तथा ढुवानी/सवारीका साधानहरु लिलाम बिक्री गर्न उपमहानिर्देशकको संयोजकत्वमा कार्यदल बनाई लिलाम बिक्री कार्य भएको। चालु आ.व.मा १८३ वटा लिलामी सूचनाबाट सवारी/ढुवानी साधनहरू समेतका मालवस्तु बिक्रीबाट रू.८,५५,१७,६२३/- (आठ करोड पचपन्न लाख सत्र हजार छ सय तेईस) राजस्व दाखिला भएको।

४. कार्यालयहरुबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन विभागका शाखाहरुमा काम बाँडफाँट गरी अनुसन्धान अधिकृत तोक्ने, लिलाम बिक्रीको स्वीकृति प्रदान गर्ने तथा प्रारम्भिक र अन्तिम अनुसन्धान प्रतिवेदन अध्ययन तथा जाँच गरी स्वीकृति गर्ने व्यवस्था मिलाइएको।

५. प्राप्त उजुरी/सूचनाहरूलाई Screening Committee मार्फत छलफल गरी थप अनुसन्धान गर्ने, लेखी पठाउने वा तामेलीमा राख्ने निर्णय गर्न सबै अनुसन्धान शाखाहरूलाई बाँडफाँट गरिएको।

६. भन्सार तथा कर राजस्व चुहावटमा संलग्न व्यक्ति/निकायको forward तथा backward linkage पहिचान गर्दै चुहावटमा संलग्न सबैलाई अनुसन्धानको दायरामा ल्याइएको।

७. राजस्व चुहावट गर्ने कार्यमा संलग्न सरकारी कर्मचारीहरूलाई कसूरको मात्राको आधारमा मुद्दा दायर गरिएको, विभागीय कारवाहीका लागि लेखी पठाइएको तथा यस विभागमा उपस्थित गराई सचेत गराइएको।

८. भन्सार तथा आन्तरिक राजस्व कार्यालयहरूबाट कार्य सम्पादन गर्दा देखिएका त्रुटी/कमजोरीहरू सुधार गर्न/सच्याउनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सम्बन्धित विभाग/कार्यालयमा लेखी पठाइएको।

**९. यस आ.व. मा अनुसन्धानको क्रममा रहेका केही महत्वपूर्ण सूचनाहरुः १**

- **८६,४००(छयासी हजार चार सय) थान भेप समेत बरामद भएको सम्बन्धमा अनुसन्धान सम्पन्न गरी अभियोजनको क्रममा रहेको ।**
- **रु. २५,००,००,०००।-(अक्षेरेपी पच्चीस करोड) बिगो कायम गरी विदेशी विनिमयको मुद्दा दायर भई सम्पत्ति शुद्धीकरणतर्फ समेत अनुसन्धान भइरहेको लगायत।**

**७. वार्षिक बजेट र चौथो त्रैमासिकसम्मको खर्चको अवस्थाः-**

| बजेट | | रा.अ. विभाग | रा.अ.का. इटहरी | रा.अ.का. पथलैया | रा.अ.का. बुटवल | रा.अ.का. कोहलपुर | कुल बजेट |
|---|---|---|---|---|---|---|---|
| चालु तर्फ | बजेट (रू.हजार) | ९२५४१ | २०६३८ | २३०३४ | २३८७६ | २१५८८ | १८१६७७ |
| | खर्च (रू.हजार) | ७८६८६ | १९८४९ | २१२२९ | २१२११ | १८१३३ | १५९१०८ |
| | बाँकी (रू.हजार) | १३८५५ | ७८९ | १८०४ | २६६५ | ३४५५ | २२५६८ |
| | **खर्च प्रतिशत (%)** | **८५%** | **९६%** | **९२%** | **८९%** | **८४%** | **८८%** |
| पुँजीगत तर्फ | बजेट (रू.हजार) | १९५० | ४५० | १८०० | ९०० | ६०० | ५७०० |
| | खर्च (रू.हजार) | १७४९ | ३३५ | १७४४ | ७६५ | ४९४ | ५०८६.५२ |
| | बाँकी (रू.हजार) | २०१ | ११५ | ५६ | १३५ | १०६ | ६१३.४८ |
| | **खर्च प्रतिशत (%)** | **९०%** | **७४%** | **९७%** | **८५%** | **८२%** | **८९%** |

८. **वार्षिक समीक्षा/ MDAC र Post MDAC को निर्णय कार्यान्वयनको प्रगति स्थितिः-**

मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को मिति २०८१।०५।०९ मा बसेको बैठकको निर्णयानुसार यस विभागले देहायका कार्यहरु सम्पादन गरेको।

क) मिति २०८१/०५/०९ गते सम्पन्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरुको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकको निर्णयको बुँदा नं. ४ मा उल्लेख भए बमोजिम भन्सार स्वचालित प्रणाली, एकीकृत कर प्रणाली, केन्द्रीय बीजक अनुगमन प्रणाली, वेबमा आधारित केन्द्रीय सूचना प्रणाली लगायतका प्रणालीहरुबीच अन्तर आवद्धता कायम गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयका सूचना प्रविधि महाशाखा हेर्ने सहसचिवको संयोजकत्वमा गठित समितिले प्रतिवेदन समेत बुझाइसकेकोमा Integration को कार्य हुने क्रममा रहेको। सोही बैठकको बुँदा नं. ६ को निर्णयानुसार यस विभागले कर तथा गैरकर राजस्व चुहावटका प्रमुख क्षेत्रहरु पहिचान गरी चुहावट नियन्त्रणमा नतिजा देखिने गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यहरु अगाडि बढाएको।

ख) POST MDAC को निर्णयको बुँदा नं. (च) मा उल्लेख भए बमोजिम विभागमा विभिन्न निकाय र स्रोतबाट प्राप्त उजुरीहरुलाई स्क्रिनिङ्ग कमिटिमा पेश गरी छलफल पश्चात् अनुसन्धान अधिकृत तथा सहायक कर्मचारी तोकी अनुसन्धानको कार्य अगाडि बढाइएको। प्राप्त उजुरीलाई उजुरीको प्रकृति हेरी अनुसन्धान गर्ने, तामेलीमा राख्ने वा सम्बन्धित निकायमा लेखी पठाउने गरी वर्गीकरण समेत गर्ने गरिएको।

ग) मिति २०८१।०८।०६ गते सम्पन्न प्रथम त्रैमासिक समीक्षा/MDAC बैठकका निर्णयको सि.नं. १ को निर्णयानुसार यस विभागमा उपलब्ध स्रोत र साधनको महत्तम प्रयोग गरी विभाग तथा मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउँदै लगिएको।

घ) VCTS, ASYCUDA र ITS बारे अन्तरआबद्धता कायम गरी अनुसन्धान तथा तहकिकातलाई वस्तुनिष्ठ बनाउन सम्बद्व निकायहरुको समन्वयमा प्रयास थालिएको।

ङ) विभागले सम्पन्न गर्नुपर्ने कार्यहरुको वार्षिक कार्ययोजना(माइलस्टोन) तयार गरी सोही अनुरुप कार्य सम्पादनमा जोड दिइएको।

च) सम्माननीय प्रधानमन्त्रीज्यू र श्रीमान् मुख्य सचिवज्यूबीच भएको कार्यसम्पादन सम्झौता बमोजिमका यस विभागसँग सम्बन्धित कार्य सम्पादन भएको।

छ) विभागबाट सम्पादन भएका अनुसन्धान सम्बद्ध कार्यहरुको गोपनियता कायम गरिएको, मातहतका अनुसन्धान कार्यालयहरुबाट प्राप्त प्रतिवेदनहरूलाई शाखागत बाँडफाँड गरी अनुसन्धान प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइएको साथै कार्यालयहरूलाई विभागको प्रत्यक्ष निगरानीमा राखी काम गर्न लगाइएको।

ज) विशेष सूचना/उजुरी प्राप्त भएका गम्भीर प्रकृतिका सूचनाहरूमा तत्काल अनुसन्धान अधिकृत तोकी अनुसन्धान प्रक्रियालाई अगाडि बढाइएको ।

९. **राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को ५१, ५२ र ५३ औं बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति स्थितिः-**

उल्लिखित बैठकहरु मध्ये ५१ र ५२ औं बैठकका निर्णयहरुको यस विभाग र मातहत कार्यालयहरुसँग सम्बन्धित नदेखिएको। ५३ औं बैठकको सि.नं. १० को निर्णयानुसार राष्ट्रिय आयोजना बैंकमा आयोजनाहरु प्रविष्टि गरिने।

१०. विभागले गरेका नवीन कार्यहरु, समस्या/चुनौतीहरु तथा समाधानका उपायहरुः-

क) विभागले सम्पादन गरेका कामहरूः

- चालु १६ औं योजनाको लक्ष्य तथा उद्देश्य बमोजिम विभागले आफ्नो रणनीति, कार्यनीति, कार्ययोजना तथा नतिजा खाका तयार गरी कार्यान्वयनमा गरेको।
- OPMCM बाट माग भएबमोजिमका मासिक विवरण, १०० दिने, २०० दिने, मासिक, त्रैमासिक, अर्धवार्षिक लगायतका प्रगति विवरणहरू नियमित रूपमा तयार गरी पठाइएको।
- सम्पत्ति शुद्धीकरण सम्बन्धमा यस विभागले गरेका अनुसन्धानात्मक कार्यहरूका बारेमा नियमित रुपमा Reporting गरिएको।
- राजस्व चुहावट नियन्त्रण सम्बन्धी छलफल, अन्तरक्रियामा सहभागिता जनाइएको तथा विभाग र मातहतले समेत यस्ता प्रकृतिका कार्यक्रम गर्दै आइएको ।
- राजस्व चुहावट हुन सक्ने क्षेत्र पहिचान गरी नियमित/आकस्मिक गस्ती परिचालन, खानतलासी, मालवस्तु जफत, पक्राउ गरी अनुसन्धान कार्यलाई फराकिलो बनाइएको।
- CMIS मा सबै सूचना तथा उजुरीहरू प्रविष्टि गरिएको।
- जफत भएका मालवस्तु तथा ढुवानी/सवारीका साधानहरु लिलाम बिक्री गर्न उपमहानिर्देशकको संयोजकत्वमा कार्यदल बनाई लिलाम बिक्री कार्य गरिएको।
- कार्यालयहरुबाट सम्पादन हुने कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन विभागका शाखाहरुमा काम बाँडफाँड गरी अनुसन्धान अधिकृत तोक्ने, लिलाम बिक्रीको स्वीकृति प्रदान गर्ने तथा प्रारम्भिक र अन्तिम अनुसन्धान प्रतिवेदन अध्ययन तथ जाँच गरी स्वीकृति गर्ने व्यवस्था मिलाइएको।
- विभागको आन्तरिक सूचना संयन्त्र तथा बाह्य उजुरीहरूलाई व्यवस्थित बनाइएको।
- विभागमा सेवाग्राही प्रतिक्षालय निर्माण, ढल व्यवस्थापन तथा अन्य कार्यालय मर्मतका कार्यहरू भएको।

ख) विभागले गरेका नवीन कार्यहरूः

- प्राप्त उजुरी/सूचनाहरूलाई Screening Committee मार्फत छलफल गरी थप अनुसन्धान गर्ने, लेखी पठाउने वा तामेलीमा राख्ने निर्णय गर्न सबै अनुसन्धान शाखाहरूलाई बाँडफाँट गरिएको।
- विभागमा प्राप्त उजुरी, सूचनालाई CMIS प्रणालीमा राखी अनुसन्धानका प्रत्येक चरणहरू इन्ट्री गर्ने व्यवस्था गरिएको।
- विभाग तथा कार्यालय परिसरमा लामो समयसम्म रहेका सवारी/ढुवानी साधनहरू र गोदाममा रहेका मालवस्तु लिलाम गर्न उपमहानिर्देशकको संयोजकत्वमा कार्यदल गठन गरी लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाई मालवस्तु तथा सवारी साधन लिलाम बिक्री भएको।
- भन्सार तथा कर राजस्व चुहावटमा संलग्न व्यक्ति/निकायको Forward तथा Back Ward Linkage पहिचान गर्दै चुहावटमा संलग्न सबैलाई अनुसन्धानमा ल्याइएको।
- जोखिममा आधारित अनुसन्धानमा जोड दिइएको।
- VCTS (Vehicle & Consignment Tracking System), ASYCUDA (Automated System for Customs Data) र ITS (Integrated Tax System) बीचको अन्तरआवद्वता प्रभावकारी बनाउन जोड दिइएको।

(ग) राजस्व चुहावट नियन्त्रणका समस्या/ चुनौतीहरुः

- समयसापेक्ष नीति, ऐन तथा नियमावली संशोधन तथा परिमार्जन नहुनु,
- राजस्व चुहावटका नयाँ प्रवृत्तिहरुको अनुसन्धानका लागि पर्याप्त तालिमप्राप्त जनशक्ति, बजेट तथा पूर्वाधार नहुनु,
- विभागीय प्रमुख, कार्यालय प्रमुख तथा अन्य कर्मचारीहरुको छिटो छिटो सरुवा हुनु,
- आर्थिक अपराध एवम् राजस्व चुहावट नियन्त्रण गर्न कार्यालय संख्या कम हुनु (सबै प्रदेशमा कार्यालय नहुनु)
- भन्सार विभागको आशिकुडा प्रणाली, आन्तरिक राजस्व विभागको ITS र यस विभागको VCTS प्रणाली बीच अन्तरआबद्धता कायम गर्न समितिबाट पेश भएको प्रतिवेदन कार्यान्वयनमा अझै आउन नसक्नु,
- ठूलो आकारमा रहेको अनौपचारिक अर्थतन्त्रलाई औपचारिक प्रणालीमा आवद्ध गराउन नसक्नु,
- कर्मचारीहरुलाई थप प्रोत्साहन भत्ता सुविधा सहित उपयुक्त कार्य वातारणको निर्माण गरी उत्प्रेरणा र मनोबलको अभिवृद्धि गर्न नसक्नु,
- कार्यालयको जीर्ण भएको भवन निर्माण तथा अनुसन्धान तहकिकात सम्बद्ध कार्य गर्न पर्याप्त पूर्वाधार विस्तार र विकासमा जोड दिन नसकिएको।

**(घ) समाधानका उपायहरुः-**

- समयसापेक्ष नीति तथा ऐनको संशोधन तथा परिमार्जन गरिनुपर्ने तथा संशोधित ऐन बमोजिम नियमावली संशोधन गर्नुपर्ने।
- कर्मचारीको क्षमता विकास तथा स्रोत, साधनको उपलब्धतामा ध्यान दिनुपर्ने।
- राजस्व चुहावटका नवीनतम् प्रवृतिहरुलाई अनुसन्धान तहकिकातको दायरामा ल्याउने तथा जोखिममा आधारित अनुसन्धानलाई वस्तुपरक, नतिजामुखी र वैज्ञानिक बनाउने।
- कर्मचारीहरुको सरुवा अनुमानयोग्य र चक्रीय प्रणालीमा आधारित हुनुपर्ने।
- राजस्व चुहावट तथा विदेशी विनिमय अपचलन र सम्पत्ति शुद्धीकरण अनुसन्धानको प्रभावकारिताको लागि कार्यविधि बनाई लागु गर्नुपर्ने।
- आर्थिक अपराध एवम् राजस्व चुहावट नियन्त्रण गर्न सातवटै प्रदेशहरुमा कार्यालय स्थापना गर्नुपर्ने।
- यस विभागको (VCTS) प्रणाली, भन्सार विभागको (ASYCUDA) प्रणाली र आन्तरिक राजस्व विभागको (ITS) प्रणालीबीच अन्तरआवद्धता कायम गर्न समितिबाट पेश प्रतिवेदनको व्यवहारिक कार्यान्वयन गर्नु।
- २४ सै घण्टा उच्च जोखिम लिए र काम गर्नुपर्ने हुँदा विगतको जोखिम भत्ता (प्रोत्साहन भत्ता) प्रणाली लागु गर्ने तथा उत्प्रेरित र मनोवलयुक्त कार्य वातावरण निर्माण गर्ने।
- नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार राजस्व गस्तीको रुपमा APF को वेश हाल विभाग र मातहतमा तदर्थ रुपमा कार्यरत रहेको हुँदा छुट्टै कार्यविधि तयार गरी लागु गर्नुपर्ने।
- राजस्व अनुसन्धान विभागमा डिजिटल फरेन्सिक ल्याबको स्थापना गर्नुपर्ने।

**११. पछिल्लो दुई आ.व.को तुलनात्मक प्रगति विवरणः**

| सि.नं. | विवरण | आ.व. २०८१/८२ को प्रगति | आ.व. २०८०/८१ को प्रगति | वृद्धि % |
|---|---|---|---|---|
| राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनका मुद्दा अभियोजनतर्फः | | | | |
| १ | मुद्दा दायर संख्या | १७२ | १०९ | ३६.६३ |
| २ | बिगो रकम (रू. लाख) | ३,९२,६२ | ६,५१,१० | -६५.८३ |
| ३ | सजाय मागदावी रकम (रू. लाख) | ६,४८,६० | ७,४३,६५ | -१४.६५ |
| ४ | प्रतिवादी सङ्ख्या | ३५७ | २३२ | ३५.०१ |



नेपाल सरकार अर्थ मन्त्रालय राजस्व अनुसन्धान विभाग हरिहरभवन २०५०

| | | | | |
|---|---|---|---|---|
| **अनुसन्धानको क्रममा माग भएको धरौटी रकमः** | | | | |
| १ | माग भएको धरौटी रकम (रू. लाख) | १,३९,७६ | २२,५५ | ५१९.७८ |
| **VCTS अपचलनतर्फः** | | | | |
| १ | सवारी साधन संख्या | १३०२ | ८९४ | ३१.३४ |
| २ | जरिवाना रकम (रू. लाख) | ४,४१ | ३,४६ | २१.५४ |
| **गस्ती परिचालनतर्फः** | | | | |
| १ | संख्या | २८७१ | २१६० | २४.७६ |
| **भि.सि.टि.एस. कन्साइन्टमेन्टतर्फः** | | | | |
| १ | VCTS कन्साइन्टमेन्ट प्रयोगकर्ता संख्या (लाख) | २.९९ | २.५१ | १६.०५ |
| २ | VCTS कन्साइन्टमेन्ट संख्या (लाख) | ११५.८८ | ९७.५६ | १५.८१ |

**नोटः** आ.व. २०८०/८१मा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२को दफा १३क. को व्यवस्था अनुसार ५० लाखसम्म बिगो कायम भएका मुद्दाका अन्तिम निर्णय विभागबाट हुने गरेकोमा आ.व. २०८१/८२मा ऐन संशोधन भई सो सीमा तीन करोडसम्म कायम भएको तथा बिगो र जरिवाना दाखिला गरेमा मुद्दा नचल्ने व्यवस्था समेत भएको हुँदा मुद्दाको सङ्ख्या र बिगो रकम कम भएको देखिएको तर यस अवधिमा विभागले माग गरेको धरौटी रकममा भने ठूलो परिमाणमा वृद्धि भएको।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन
२०५०